नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
कर्मचारी प्रशासन शाखा

पत्र संख्या: क.प्र.१/०७६/७७
चलानी नं. ४४

मितिः- २०७६।०४।३०

**विषयः कार्य सम्पादन मूल्यांङ्कन सम्बन्धमा।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै।

उपरोक्त सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघमा समायोजन भै हाल स्थानीय तहमा कार्यरत तथा यस कार्यालयको पूल दरबन्दी रहि विभिन्न आयोजना/कार्यक्रम/आयोग लगायतका अन्य निकायहरुमा कार्यरत नेपाल प्रशासन सेवा, लेखा समूहका विभिन्न श्रेणीका कर्मचारीहरुको आ.व.२०७५/७६ को कार्य सम्पादन मूल्याकंन सम्बन्धमा देहाय अनुसार निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन मिति २०७६।०४।०२ को निर्णयानुसार अनुरोध छ ।

**तपशिल**

१. महालेखा नियन्त्रक कार्यालयको पुल दरवन्दीमा रही विभिन्न आयोजना एवं कार्यालयहरुमा कामकाज गर्न खटाइएका कार्मचारीहरुको सम्बन्धित कार्यालयबाट का.स.मु भर्ने निजामती कर्मचारी नभएमा महालेखा नियन्त्रक कार्यालयबाट मूल्याङ्कन गर्न अधिकृत तहको रा.प.द्वितीय स्तरका कर्मचारीको सुपरिवेक्षक मानव स्रोत व्यवस्थापन महाशाखा प्रमुख र पुनरावलोकनकर्ता महालेखा नियन्त्रक ज्युबाट र रा.प.तृतीय स्तरका कर्मचारीहरुको सुपरिवेक्षक कर्मचारी प्रशासन शाखा प्रमुख र पुनरावलोकनकर्ता मानव स्रोत व्यवस्थापन महाशाखा र राजपत्र अनंकित कर्मचारीको सुपरिवेक्षक कर्मचारी प्रशासन शाखाबाट र पुनरावलोकनकर्ता मानव स्रोत व्यवस्थापन महाशाखा।

२. संघमा समायोजन भै स्थानीय तहमा कार्यरत नेपाल प्रशासन सेवा लेखा समूहका कर्मचारीहरु रा.प तृतीय श्रेणीको हकमा सुपरिवेक्षण सम्बन्धित कार्यालय प्रमुख/कर्मचारी प्रशासन शाखा प्रमुख तथा पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट

३. संघमा समायोजन भएका स्थानीय तहमा कार्यरत नेपाल प्रशासन सेवा लेखा समूहका कर्मचारीहरु रा.प.अनंकित श्रेणीको हकमा सुपरिवेक्षण सम्बन्धित कार्यालय प्रमुख/कोष नियन्त्रक तथा पुनरावलोकन प्रमुख कोष नियन्त्रक/कर्मचारी प्रशासन शाखा प्रमुखबाट ( नोट रा.प. द्वितीय तहको कार्यालय प्रमुख भएमा मानव स्रोत व्यवस्थापन महाशाखाबाट)

डिलाराम लम्साल
लेखा अधिकृत

बोधार्थः श्री सुचना प्रविधि शाखा वेभसाइट मा राखिदिनु हुन।

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np